आज मिति २०७४ साल फाल्गुण २५ गते सुक्रबारका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा देहायको उपस्थितिमा बसी तपशिलका प्रस्ताबहरु माथी छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - अध्यक्ष
२. श्री पदममाया तमाङ - सदस्य
३. श्री गोबिन्द बहादुर राउत - सदस्य
४. श्री हेम बहादुर श्रेष्ठ - सदस्य
५. श्री लाल बहादुर स्याङतान - सदस्य
६. श्री खड्ग बहादुर भुजेल - सदस्य
७. श्री दिनेश कुमार रमौली - सदस्य
८. श्री बीर बहादुर पुलामी - सदस्य
९. श्री कोमल बहादुर खपाँङ्गी - सदस्य
१०. श्री रेखराज अधिकारी - सदस्य
११. श्री शेर बहादुर मगर - सदस्य
१२. श्री पुण्यहरी भुजेल - सदस्य
१३. श्री हित लाल श्रेष्ठ - सदस्य
१४. श्री जगदिश्वर तोलाँङ्गी - सदस्य
१५. श्री दुध कुमारी ठकुरी - सदस्य
१६. श्री देबमाया श्रेष्ठ - सदस्य
१७. श्री टेक बहादुर परियार - सदस्य
१८. श्री भगवती कुमारी श्रेष्ठ - सदस्य
१९. श्री गीतामाया थापा मगर - सदस्य
२०. श्री सुरेन्द्र प्रधान - सदस्य सचिब
२१. श्री झिल्ली बहादुर खड्का - ना. सु.
२२. श्री गोपाल प्रसाद पटाडी - ना. सु.

तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाम्पन्टार, सिन्धुली ३ नं. प्रदेश, नेपाल २०७३

## प्रस्तावहरू तथा निर्णयहरू

**प्रस्ताव नं. १** प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा।

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकामा करार सेवामा कार्यरत तपशिल बमोजिमको पदका प्राविधिक कर्मचारीलाई मासिक तपशिल बमोजिमको फिल्ड भत्ता दिने निर्णय गरियो।

| तपशिल | मासिक फिल्ड भत्ता रु. |
|---|---|
| (१) इन्जिनियर | रु. १०,०००।- (दश हजार) |
| (२) सब-इन्जिनियर | रु. ८०००।- (आठ हजार) |
| (३) असिस्टेन्ट सब इन्जिनियर | रु. ६०००।- (छ हजार) |

**प्रस्ताव नं. २** प्राविधिक कर्मचारी थप गर्ने सम्बन्धमा।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी अपुग भै प्राविधिक कर्मचारी थप गर्नु पर्ने भएकोले ३ (तीन) जना सब-इन्जिनियर र १ (एक) जना असिस्टेन्ट सब इन्जिनियर थप गरी दैनिक ज्याला दरीमा कामकाजमा लगाउने निर्णय गरियो।

**प्रस्ताव नं. ३** छरेडी खन्ने सम्बन्धमा।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र लाम्पन्टार भवन निर्माण स्थलमा छरेडी खन्ने कार्यको लागि रु. २००,०००।- (दुई लाख) मात्र विनियोजन गर्ने निर्णय गरियो साथै उक्त रकम म्याचिङ फण्डमा विनियोजित रकम बाट खर्च गर्ने निर्णय समेत गरियो।

**प्रस्ताव नं. ४** बाढी पिडितलाई राहत उपलब्ध गराउने सम्बन्धमा।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका भित्र स्थायी रूपले बसोबास गर्ने पहिरो तथा बाढी पिडितहरूलाई तपशिल बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो। यो निर्णय श्रावण महिनादेखिको प्रकोप पिडितलाई भुक्तानी दिने निर्णय समेत गरियो।

तपशिल

| | |
|---|---|
| (१) बाढी पहिरोबाट भएको मानविय क्षतिमा | रु. १५,०००।- (पन्ध्र हजार) |
| (२) " " " घरको क्षतिमा | रु. १०,०००।- (दश हजार) |
| (३) " " " गोठको क्षतिमा | रु. ५०००।- (पाँच हजार) |

**प्रस्ताव नं. ५** पटके तथा वार्षिक कर व्यवस्थापन सम्बन्धमा।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको नाकाहरूमा उठाउन थालिएको पटके तथा वार्षिक सवारी कर उठाउदा उठाउने व्यक्तिलाई उठेको कुल रकमको २५% सम्बन्धित व्यक्तिलाई दिने र उठाउने व्यक्तिको जिम्मा सम्बन्धित वडा कार्यालयले लिने र उठेको रकम प्रत्येक महिनाको अन्त्यमा गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने निर्णय गरियो।